हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

बर्ष : ०१ अंक : ४३ पृष्ठ : ४ २०७७ भदौ ११ गते बिहीबार (Thursday 27 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५, ९८०२३१९१९२, ९८०२३१९१९३

*दलित, गरिब राहतबाट बञ्चित*

## प्रदेश सरकारको राहत तीन महिनादेखि वडा कार्यालयमै थन्कियो

**लहान ।** प्रदेश २ का सरकारले कोरोना भाइरस ( कोभिड-१९)बाट प्रभावितहरूका लागि गत जेठ/असार महिनामै राहत सामग्री वितरण गर्न जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमार्फत पठायो । घरेलु तथा साना उद्योग कार्यालयले ती राहत सामग्री दलित, गरिब परिवारलाई वितरण गर्न वडा कार्यालयहरूलाई हस्तान्तरण गऱ्यो । वडाबाट व्यक्ति-व्यक्तिलाई बाड्ने जनाइएको थियो । तर, कतिपय वडाध्यक्षले अहिले सम्म राहत वितरण नगरि वडा कार्यालयमैं थन्काएर राखेका छन् । जसका कारण दलित, गरिब परिवार राहत पाउनबाट बञ्चित छन् ।

यस्तै भएको छ, सिरहा नगरपालिका वडा नम्बर १६ मा । ५८ परिवारका लागि राहत सामग्री पुगेको थियो । तर, वितरण नगरि वडा कार्यालयमै राहत थन्काएर राखिएको छ । स्रोतका अनुसार ती राहत सामग्री कुहिन थालेको छ । तर, वडाध्यक्षले बाड्नलाई चासो नदेखाएको स्थानीयको गुनासो छ । 'राहतमा पनि राजनीति गरि वितरण भएको छ,' एक स्थानीयले लहानपोस्टलाई टेलिफोनमा भने, 'हामीलाई राहत बाडिदिएको भए हुन्थ्यो । कुहाएर के फाइदा हुन्छ र ? आफ्नै मान्छेलाई दिएपनि सदुपयोग त हुन्थ्यो ।' लहानपोस्ट्लाई प्राप्त वडा कार्यालयमा राखिएको फोटो पनि उ नै स्थानीयले पठाइदिएका हुन । *(हेर्नुस तस्बिर)*

प्रदेश सरकारबाट प्राप्त राहत वितरण भइरहेको वडाध्यक्ष धिरेन्द्र मोरवैताको दाबी छ । 'हामीले प्राप्त राहत वितरणकै क्रममा छौं । केही राहत वितरण गर्न बाँकी छ,' वडाध्यक्ष मोरवैताले लहानपोस्टसँग टेलिफोनमा भने, 'अब २/३ दिनभित्रै ती सामग्री वितरण गरिहाल्छौं ।' राहत आवश्यक रहेको व्यक्तिहरूलाई वितरण गरिएको उनले बताए ।

**लकडाउन थपियो, राहत थपिएन**

कोरोनाका कारण दिनदिनै लकडाउन थपिँदै गएको छ । तर, मजदुर, गरिबलाई राहत थपिएको छैन् । लकडाउनमा उनीहरुले रोजगारी गुमाएका छन् । घरखर्च चलाउन उनीहरुलाई मुस्किल भएको छ । तर, स्थानीय तहहरूले लकडाउन थपिने तर, राहत वितरण नगर्ने देखिएको छ ।



'कोरोनाले हामीले रोजगार गुमायौं, गाउँमा पनि काम त्यति पाउँदिन । बजारमा काम खोज्दा पनि पाइदैन,' लहान नगरपालिका-१४ का पल्टु सदायले भने, 'सरकारले एक पटक २० किलो चामल दियौं, त्यो कति दिन चल्छ ? हामीलाई सुरक्षित रहेर रोजगारी दिएमात्र गुजारा चलाउन सहज हुन्छ ।'

**यातायात मजदुर सकसमा**

मुलुकमा चैत ११ गतेदेखि लकडाउन सुरू भएपछि सार्वजनिक यातायातमा काम गर्ने मजदुर बेरोजगार बनेका छन् । चैतदेखि अहिलेसम्म सार्वजनिक यातायात चलेका छैनन् । त्यसमा कार्यरत मजदुर कामविहीन हुँदा बेखर्चीमात्र बनेका छैनन् गुजारा चलाउनै सकस परेको छ ।

लहान नगरपालिका-१ का ५३ वर्षीय सन्हु रामले २०४५ सालदेखि लहान क्षेत्रमा बस बुकिङ गरेर गुजारा चलाउँदै आएका थिए । सगरमाथा यातायात बस व्यवसायी संघबाट सार्वजनिक बसमा

बाँकी ३ पेजमा

## पीडित भन्छन्, 'हामीलाई शोषण गरियो'

*शिवजी भन्छन, बदनाम गर्न खोज्यो'*

**लहान ।** सिरहाको औरही गाउँपालिका-५ औरहीका जनता समाजवादी पार्टीका नेता शिवजी यादवले आफुलाई राजनीतिकरण गरेर बदनाम गर्न खोजिएको बताएका छन् । मंगलबार गाउँमै पत्रकार सम्मेलन गरी उनले गरिबलाई मद्दत गर्दा पनि उल्टै फसाउन खोजिएको यादवले दाबी गरे । आफूलाई फसाउन विपक्षीहरूले मुद्दालाई गलत तरिकाले उठाउन खोजेको उनले आरोप लगाए ।

उनी सहित तीन जनामाथि गाउँगाउँबाट मानिसहरूलाई रोजगारीका लागि भारत काममा पठाउने र आर्थिक शोषण गर्ने आरोपसहित पीडितहरूले जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराएका छन् ।

पीडितमध्ये औरही गाउँपालिका-४ का महेश सदा, फुलेदेवी सदा र रामचन्द्र सदाले सोमबार जिल्ला प्रशासन कार्यालय सिरहामा उजुरी दर्ता गराएका छन् ।

कामका लागि हरियाणा र पन्जाब पुऱ्याइएकालाई घर फर्कदा बक्यौता छ भन्दै कुटपिट गर्ने, काम गर्न नसकेर घर फर्किएकालाई बन्धक बनाएर कपाली तमसुक बनाएको आरोपमा पीडितले प्रशासनमा उजुरी दर्ता गराएका हुन् । प्रशासनले उजुरी दर्ता गरी छानबिन गर्न जिल्ला प्रहरी कार्यालयलाई लेखी पठाएको छ । शिवजी यादव गत स्थानीय तहको निर्वाचनमा गाउँपालिका

बाँकी ३ पेजमा

## शैक्षिक सामग्री सहयोग

**लहान ।** लहान नगरपालिका-१४ बस्तीपुर स्थित स्वराज ट्रष्टको संरक्षणमा अध्यापनमा जुटेका विद्यार्थीलाई कमलबहादुर राजलवटले शैक्षिक सामग्री सहयोग गरेका छन् । राजलवट आन्तरिक राजश्व कार्यालय लहानका प्रमुख कर अधिकृत हुन् । राजलवटले गुर्जो (स्थानीय भाषामा गुरगुज) को



संरक्षण र सेवन गर्न प्रेरणा दिन अभियान चलाएका छन् । सोही क्रममा केहीदिन अघि उनी स्वराज ट्रष्टको कार्यालयमा पुगेका थिए । ट्रष्टले विद्यार्थीहरूलाई पढ्न मद्दत गरिरहेको बारेमा जानकारी पाएपछि उनले सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । बुधबार विद्यार्थीहरूको लागि कपी, पेन्सिल,

बाँकी ३ पेजमा

भित्री पृष्ठमा

तबेला भित्रबाट लेखिएको पत्र
पेज २ मा

जनप्रतिनिधि र कर्मचारीको अन्तरसम्बन्ध
स्तम्भ : पालिका बहस
पेज ४ मा

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!



हिमालय सुगर मिल्सको ई. डी. सुरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरुको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाइँको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरुमा अनुरोध छ ।

हार्दिक शुभकामना

सिरहाको लहानबाट "लहान पोस्ट" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



पवन मुन्धडा
पूर्व अध्यक्ष
जिल्ला उद्योग वाणिज्य संघ सिरहा, लहान

# सम्पादकीय

## पीसीआर परीक्षणको दायरा बढाउँ

हाल फैलिरहेको कोरोना भाइरसको महामारीले नेपालमात्र होइन विश्वव्यापी रुपमा संकट बढाएको छ । मानिसको जीवनयापनलाई अस्तव्यस्त बनाएको छ । भाइरसबाट संक्रमित दर बढ्दो छ । यस महामारीले ठूलो विपद निम्त्याएको छ । कुनै गैर प्राकृतिक तथा प्राकृतिक कारणहरूबाट अकस्मात, अस्तव्यस्त तवरले आउने विपत्तिपूर्ण अवस्थालाई विपद भनिन्छ । जस कारणले मानवीय भौतिक, आर्थिक र वातावरणीय रुपमा असर पुगी आपतकालीन अवस्थाको सिर्जना भएको हुन्छ । यस विपदलाई व्यवस्थापन गर्न चुनौती थपिएको छ ।

विश्व स्वास्थ्य संगठनले नेपाललाई अति संवेदनशील देशको रुपमा घोषणा गरिसकेको छ । अहिलेको संवेदनशीलतामाथि जुध्न स्थानीय सरकारहरूको भूमिका महत्वपूर्ण छ । किनभने संघले जतिसुकै राम्रो रणनीति अंगीकार गरे पनि उचित कार्यान्वयन भएन भने त्यसले नतिजा दिंदैन । कार्यान्वयन गर्ने दायित्व भएका स्थानीय सरकारहरूले जति धेरै परिणाममुखी काम गर्नेछन्, मुलुकले त्यति नै प्रभावकारी ढंगले वर्तमान संकटसित जुध्न सक्नेछ । र समाज यो महामारीबाट सुरक्षित हुनेछ । यस्तो अवस्थामा स्थानीय तहहरूको पहिलो प्रमुख दायित्व कोरोना स्वास्थ्यसँग सम्बन्धित छ ।

कोरोना भाइरसको संक्रमण परिवार तथा समुदायमा फैलन नदिन हरेक पालिकाले विदेशबाट आएका व्यक्तिहरूको अभिलेख राखी पहिचान र निगरानी गर्नुपर्छ । र, उनीहरूलाई 'क्वारेन्टाइन' मा बस्न लगाई त्यसको आवश्यक अनुगमनको व्यवस्था मिलाउनुपर्छ । घरमै क्वारेन्टाइनमा बस्न लगाउने वा आवश्यक भए क्वारेन्टाइन गृह निर्माण गर्ने प्रबन्ध पनि मिलाउनुपर्छ । यसमा आवश्यक स्रोत–साधनका लागि प्रदेश र संघले सघाउनुपर्नेछ ।

अर्कोतर्फ कोभिड–१९ पहिचानको एकमात्र आधार पीसीआर परीक्षण नै हो । कोभिड पहिचानका लागि पीसीआर परीक्षण गराउन स्थानीय सरकारले अझ तत्परता देखाउनु पर्ने आवश्यकता छ । सिरहाको धनगढीमाई र गोलबजार नगरपालिकाले आफ्नै लगानीमा पीसीआर परीक्षण गराउन सुरु गरेका छन् । यो महामारीको बेला ती नगरपालिकाले सुरु गरेको कार्य अत्यन्त सराह्रनीय छ । जिल्लाका १७ वटै स्थानीय तहले पनि धनगढीमाई र गोलबजार नगरपालिकाबाट शिक्षा लिंदै पीसीआर परीक्षण सुरु गराउन ढिलाई गर्नु हुँदैन । कोभिड पहिचानका लागि पनि जिल्लाका सबै स्थानीय तहले संघ र प्रदेश सरकारको मुख नताकी आफ्ना पालिकाभित्रका जनताको पीसीआर परीक्षण गराउन आवश्यक छ ।

तसर्थ आम नागरिकको जीवन रक्षा गर्न पीसीआर परीक्षणको दायरा बढाउन संघ, प्रदेश सरकारसँगै स्थानीय सरकारले अग्रसरता बढाउन जरुरी छ । यस महामारीको विपद व्यवस्थापनको लागि पूर्व तयारी र प्रतिकार्य योजनामा विशेष ध्यान दिई स्थानीय सरकार, सरोकारवाला सबै क्षेत्रबाट पूर्ण जिम्मेबार संवेदनशील भई सक्रिय हुन जरुरी छ । विश्वभरी चुनौतीका रुपमा फैलिएको महामारीलाई पराजित गर्न सबै एकसाथ लाग्नुपर्ने अहिलेको आवश्यकता पनि हो । साझा बल, प्रयत्न, क्रियाशीलता र सक्रियतामा मात्र यस महामारीलाई परास्त गर्न सकिन्छ । नागरिकले सरकारलाई सहयोग गर्दै नागरिकले पूरा गनुपर्ने दायित्वलाई पूर्णरुपमा परिपालना गरौं, सुरक्षित रहौं अरु मानिसको पनि सुरक्षा गरौं ।

# तबेला भित्रबाट लेखिएको पत्र

मलाई अत्यन्त पाशविक व्यवहार गरिएको छ । मलाई सात फुट लामो र छ फुट चौडा हावा नछिर्ने अँध्यारो कोठामा दिन–रात थुनिएको छ । मैले यसै कोठामा खाना पकाउने सहित सबै दैनिक काम गर्नुपर्छ । मलाई सुरूको एक महिनासम्म चौबीसै घण्टा नेल र हथकडी लगाएर साङ्लोले बाँधेर राखिएको थियो । अहिले हथकडी र साङ्लो हटाएका छन् तर गह्रुंगो नेल भने छदैं छ । म जेलको सामान्य रासन पाउँछु । त्यसमा चारआना मुल्य पर्ने एक सेर चामलको तीनचौथाइ भाग पाउँछु । पत्राउ परेको पहिलो चालीस घण्टासम्म त मलाई अलिकति नुन मात्र दिएका थिए । मलाई कुनै ओढ्ने वा ओछ्याउने दिइएको थिएन । पुसका अत्यन्त ठन्डी रात मैले त्यत्तिकै गुजार्नुपर्‍यो । मलाई उनीहरूले तेस्रो रात एउटा राडी र धुस्सा दिए । अहिलेसम्म म त्यसैको भरमा छु ।

म जहाँ थुनिएको छु त्यो क्याप्टेन (जेलर) को घोडा–तबेला हो । त्यसलाई जसोतसो मेरो जेल बनाइएको छ । यो ठाउँमा अत्यन्त फोहोर छ । म बाहिरी विश्वबाट पूर्ण रूपमा अलग्याइएको छु । मैले आफ्ना नातेदारलाई पत्र लेख्न र किताब पाउन माग राख्दै आएको छु, तर उनीहरु केही सुन्दैनन् । मेरो स्वास्थ्य अत्यन्त खराब छ । मलाई कुनै चिकित्सकले परीक्षण गरेका छैनन् ।

कामरेडहरु बाहिर के गर्दै हुनुहुन्छ भन्ने मलाई थाहा छैन । मैले कारबाहीको कुनै निर्देशन दिनु उपयुक्त हुँदैन । म उहाँहरूलाई सबै दल र समूह संयुक्त मोर्चा निर्माणका लागि एकबद्ध हुनुपर्छ भन्ने सल्लाह मात्र दिन सक्छु । नेपाली राष्ट्रिय कांग्रेस, नेपाल प्रजा पञ्चायत र नेपाल प्रजातन्त्र कांग्रेसले अवश्य पनि संयुक्त कार्यक्रम ल्याउनुपर्छ । अर्थात् संयुक्त कारबाही थाल्नुपर्छ ।

मलाई आफूविरूद्ध लगाएको अभियोगको पूरा जानकारी छैन । म वर्तमान पञ्चायती आन्दोलनको नेता भएको र मैले नेपाल प्रवेश नपाउने बन्देजलाई तोडेको हुँदा महाराजबाट यहाँ मेरो पारिवारको गतिविधि रहुन्जेल मलाई काराबासमा राख्ने हुकुम भएको कुरा जनरल हरि शमशेरले वताए । छोटकरीमा, उनीहरूप्रति मेरो परिवारले असल व्यवहार नगरेसम्मका लागि म बन्धकसमेत बनाइएको छु । मलाई उनीहरूले नेपाल बसाइको बेला कहाँ–कहाँ बसेको थिएँ भन्ने प्रश्न सोधे । मैले कसैको नाम बताउन मानिनँ । कुनै तयारी नगरी आन्दोलन सुरू गर्न हुँदैन भन्ने सल्लाह दिनका लागि मैले त्रिपुरबरलाई भेटेको कुरा भने स्वीकार गरे । जनरल विजयमार्फत् महाराजलाई भेट्न खोजेको, त्यस सम्बन्धमा उनीसँग कुरो मिलाएको र जनरलको जवाफ पाउनुभन्दा पहिले नै पत्राउ परेको कुरा पनि मैले बताएँ । म पत्राउ पर्दा मैले महाराजलाई लेखेको पत्र उनीहरूले मेरो खल्तीमा फेला पारे । मैले उनीहरूलाई के भनैँ भने एक सच्चा सत्याग्रहीको हैसियतबाट मैले केही कुरा लुकाउनु छैन । पत्रको बेहोरा के.एच.लालो, सान्दाजु र कृष्णप्रसादलाई थाहा छ । एक सच्चा सत्याग्रहीले सबैभन्दा पहिले प्रतिपक्षीलाई आफैंले सुध्रिने मौका दिनुपर्ने हुँदा देशको अवस्थाका विषयमा महाराजलाई व्यख्या गर्नका लागि उहाँसँग भेट गर्न चाहेको कुरा उनीहरूलाई बताएँ ।

मेरो तात्पर्य के हो भने म पत्राउ हुनबाट भाग्न खोजेको थिइनँ । उनीहरूले मेरो साथबाट टंकप्रसादले लेखेका तीनवटा पत्र र मेरो कार्ययोजना, छ महिनाको कार्यक्रम पनि फेला पारे ।

कृपया मेरो पत्नीलाई पत्रको बारेमा यथाशीघ्र जानकारी दिनुहोला । मैले लेखेका कुनैपनि कागजात आफूसँग नराख्नुहोला । यो पत्र पठाउन सम्भव नभएमा यसको एउटा प्रतिलिपि उतारेर पठाउनुहोला । मलाई समाचार पठाउनुहोला ।

*–१९४९, मार्च १३/काठमाडौँ ।*

*(स्रोतः जनता, दिल्ली, वर्ष ४ अङ्क १३)*

**नोट** : नेपाली राष्ट्रिय कांग्रेसले सुरू गरेको आन्दोलनका क्रममा जेलमा नेपाली राष्ट्रिय कांग्रेसका सभापति बीपी केइरालालाई सबैभन्दा आमानवीय व्यवहार गरिएको थियो । यो उहाँको त्यसैबेला काठमाडौँस्थित जेलबाट लुकाईछिपाई पठाउनुभएको पत्रको सार हो । यो पत्र दिल्लीबाट प्रकाशित हुने अङ्ग्रेजी पत्रिका 'जनता' मा प्रकाशित भएको थियो ।


धनगढीमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा प्रदेश नं. २ नेपाल

धनगढीमाई नगरपालिकाद्वारा सार्वजनिक हितमा जारी

अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट धनगढीमाई नगरपालिका पनि उच्च जोखिममा रहेको तथा भिडभाड हुने हाट बजार क्षेत्रहरु, पसल, होटलहरु र जनसम्पर्क अधिक हुने निजी, सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा कार्यरत पदाधिकारी र कर्मचारीहरुमा यसको संक्रमण देखिएको, आम नागरिकमा पनि यसको संक्रमण छिटफुट रुपमा देखिएकोले यो रोग समुदायस्तरमा फैलन सक्ने सम्भावना भएकोले नगरपालिका भित्र मिति २०७७।०४।२५ बाट शुरु भई बन्दाबन्दी लागू भएको व्होरा सबै नगरवासीमा अवगतै छ । यस्तो अवस्थामा यस रोगबाट सुरक्षित रहन आवश्यक उच्च सतर्कता अपनाउनको लागि पटक–पटक साबुन पानीले हात धुन, स्यानिटाईजर प्रयोग गर्न, मास्क प्रयोग गर्न र सामाजिक दूरी (२ मिटर) कायम गर्न नगरपालिका सबै नगरवासीमा अनुरोध गर्दछ । साथै घर बाहिर ननिस्कन, भिडभाड नगर्न, सामाजिक क्रियाकलापहरु भोज भतेर नगर्न नगराउन हुन समेत नगरपालिका अनुरोध गर्दछ । यसका साथै मिति २०७७।०५।०५ गतेको कोरोना आपतकालिन व्यस्थापन केन्द्र (CCMC) को वैठकको निर्णयका देहायका विषयहरु सबै नगरवासीहरुको जानकारी एवं परिपालनाको लागि सार्वजनिक गरिएको छ ।

१. PCR Test मा Positive रिपोर्ट आएका व्यक्तिहरुको घरपरिवारका सदस्य तथा नजिकका छिमेकीहरुको माध्यम र सम्पर्कमा आएका व्यक्तिहरुको तत्कालै Contact Tracing गरि नामावली संकलन गर्ने कार्य भईरहेकोले Contact Tracing Team को सम्पर्कमा आउने र सहयोग गर्ने ।

२. PCR Test को लागि स्वाब संकलन गरिएका तर नतिजा नआएका व्यक्तिहरु तत्कालबाट आ–आफ्नो निवासमा होम क्वारेन्टाईनमा रहने ।

३. PCR Test को नतिजा Positive आएका व्यक्तिहरु Home Isolation मा बस्नल चाहेमा नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम होम आइसोलेशनमा बस्नक सक्ने र सोका लागि नगरपालिकामा सम्पर्क राख्ने ।

२०७७।५।०५

शिवराज चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

actionaid NEPAL

## खाद्यान्न तथा कोभिड-१९ रोकथामका लागि स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रकाशन मितिः २७ अगस्त, २०२० ( ११ भाद्र, २०७७)**

दलित जनकल्याण युवा क्लब सिरहा र एक्सनएड नेपालको संयुक्त साझेदारीमा संचालित आपतकालीन प्रतिकारी योजना कार्यक्रम ( Emergency Response Plan ) का लागि तपसिल बमोजिमको सामानहरूको आवश्यकता भएको हुँदा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँग काम गरिसकेका इच्छुक नेपाली इजाजत प्राप्त फर्म/कम्पनीहरूले आवश्यक कागजात संलग्न गरि गोप्य शिलबन्दी बोलपत्र तोकिएको ढाँचामा नमूना सहित मिति ११ सेप्टेम्वर २०२० (२६ भाद्र २०७७), साँझ ३ बजेसम्म बुझाउन आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १. | खाद्यान्न प्याकेज ( चामल ,गहुको पिठो, सर्वोत्तम पिठो, चना मटर, मुसुरो दाल, धारा तेल र नुन ) | १,४५० |
| २. | कोभिड १९ रोकथाम किट ( डिजीटल थर्मोमिटर, मास्क, सेनिटरी प्याड, लुगा धुने साबुन र नुहाउने साबुन, ) | १,४८० |
| ३. | माथि उल्लेखित समानहरूको ढुवानी र प्याकेजिङ सहितको मुल्य सिरहाको लहानसम्म | |

शिलबन्दी बोलपत्र फारम र नियम तथा शर्तहरु दलित जन कल्याण युवा क्लब लहानको कार्यालय लहान–१४ बस्तीपुर प्रदिप गिरि आश्रम र एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगर महानगरपालिका वडा नं. १२ स्थित कार्यलयबाट २७ अगस्त २०२० ( ११ भाद्र २०७७) बिहान १० बजे देखि दिउँसो ३ बजेसम्म प्राप्त गर्न सक्नुहुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगानाहरु**

**दलित जन कल्याण युवा क्लब लहानको कार्यालय, लहान-१४,**
प्रदिप गिरि आश्रम, बस्तीपुर सिरहा
प्रदेश नं. २
सम्पर्क नं. ०३३–५६१२९९,
मोवाईल नं. ९८४१३६३३९१, ९८२४७९६९४९

**एक्सनएड नेपाल पुर्वाञ्चल श्रोत केन्द्र**
पाञ्चाली वडा नं. १२, विराटनगर, मोरङ
प्रदेश नं. १ सगरमाथा पार्टी प्यालेस नजिक
फोन नं. ०२१–४७०५७५, ४७१६३७
मोवाईल नं. ९८०४०६८८५५

नोट :– बोलपत्र फारम बुझाउन आउदा आफूले उपलब्ध गराउने सामानको १/१ प्रति नमुना पनि साथै बुझाउनु पर्नेछ ।

*(विस्तृत जानकारीको लागि दलित जनकल्याण युवा क्लब लहानको कार्यलय वा एक्सनएड नेपालको पुर्वाञ्चल श्रोत केन्द्र विराटनगरमा सम्र्पक राख्न सकिनेछ ।)*

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

## प्रदेश ...

बुकिङ गर्दै आएका उनले त्यत्तिखेर ३ हजार रूपैयाँ कमिशन वापत तलब थाप्थे । लकडाउन अघिसम्म उनले मासिक १५ हजार रूपैयाँसम्म कमाई गर्थे । त्यही कमाईबाट उनले ६ जनाको परिवार धानेका थिए ।

तर लकडाउन सुरू भएपछिको चार महिना ५० हजार ऋण लिएर उनले गुजारा चलाए । 'आज खुल्ला भोलि खुल्ला र ऋण तिरिहाल्छु नी भन्ने भयो,' यातायात मजदुर सन्हुले भने, 'तर आफँले सोचे जस्तो भएन, बस चलेन, ऋण तिर्न नसक्दा थप समस्यामा परे ।'

ऋण थाँति राखेरै उनी गुजारा चलाउनकैं लागि जीवनमा कहिल्यै नगरेको काम गर्न बाध्य भए 'कृषि मजदुरी' । अहिले पनि उनी जनवनमा खटेर गुजारा चलाईरहेका छन् । दिनको ५ सय रूपैयाँमा खटेर गुजारा चलाएको उनले सुनाए ।

स्थानीय तह र संघ संस्थाले राहत अरूलाई बाँडेपनि यातायात मजदुरलाई सबैले बेवास्ता गरेको उनले दुःखेसो पोखे । उनी भन्छन्, 'न त बस धनीले हेरे, न त स्थानीय सरकारले नै ।' सन्हु मात्र होइन सिरहा, सप्तरी र उदयपुरमा चल्ने दिवा बसमा आबद्ध ६० यातायात मजदुर अहिले बेखर्ची बनेका छन् ।

ती जिल्लामा चल्ने बस व्यवसायीले सगरमाथा अञ्चल यातायात व्यवस्थापन समन्वय समिति गठन गरी सार्वजनिक वस सञ्चालन गरेका थिए । समिति अन्तर्गत एक सय भन्दा बढी सञ्चालित थिए ।

समिति अन्तर्गतका बुकिङ व्यवस्थापन उपसमितिका व्यवस्थापक अच्युतम काफ्लेका अनुसार समिति अन्तर्गत ६० जनाले रोजगारी पाएका थिए । ती जिल्लाका पँर्व पश्चिम राजमार्ग क्षेत्रमा चल्ने सार्वजनिक वसका लागि बुकिङ राखिएको थियो ।

ती मध्ये अधिकांश टिकट बुकिङ काममा खटेवापत मासिक १२ हजार रूपैयाँदेखि १५ हजार रूपैयाँसम्म तलब बुझ्थे । तर अहिले यातायात मजदुरहरु बेखर्ची बनेको उनले सुनाए । 'कतिपय यातायात मजदुर सरसापट लिएर घरखर्च चलाएको गुनासो गर्छन,' व्यवस्थापक काफ्लेले भने, 'सार्वजनिक बस नचलुन्जेलसम्म उनीहरूको समस्या समाधान गर्न सकिएको छैन ।'

## शैक्षिक ...

इरेजर–कट्टर, कलम र खाजाका लागि भुजा र च्युरा सहयोग गरेको ट्रष्टका स्वयंसेवक शिक्षक रूकेश सुयालले जानकारी दिए । उनका अनुसार विद्यार्थीका लागि ठूलो शैक्षिक सामग्री सहयोग पुगेको छ ।

ट्रष्टको संरक्षणमा स्थानीय मुसहर समुदायका ३० जना र अन्य समुदायका १० जना गरी ४० विद्यार्थीलाई अध्ययन गर्न सहयोग गरिरहेको विनोद बिसुन्केले बताए । शैक्षिक सामग्री हस्तान्तरणपछि त्यहाँ गुर्जो, पथलचाटालगायत जडिबुटिको विरूवा पनि वृक्षारोपण गरिएको थियो ।

## पिडीत...

प्रमुखका लागि तत्कालीन माओवादीका सिद्धार्थ यादवसँग ६ भोटले पराजित भएका थिए । 'राजनीति रूपमा आफू अगाडि बढ्न थालेपछि षडयन्त्र गरि ममाथि आरोपहरु लगाइएको छ,' शिवजीले भने, 'आफुले यहाँका मानिसहरूलाई परेको बेलामा सहयोग गर्दै आएको तर, शोषण गरेको छैन् । बन्धक बनाएर कपाली बनाउन लगाएको छुइन ।' बाहिर आएका कुराहरुमा सत्यता नरहेको उनको जिकिर छ ।

'बिरामी, विहे, मरनहरण र घर खर्च अभावको बेला शिवजीसँग गरिबहरूले रूपैयाँ लिन्छ,'औरही गाउँपालिका–४ का जोगिन्द्र सदायले भने,'पछि उनलै रोजगारीका लागि काम खोजेर दिन्छ र दिएको रूपैयाँ फिर्ता लिन्छ ।' लेनदेनमा विवाद हुँदा यस्तो घटना बाहिरिएको उनले सुनाए ।

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**नवराजपुर गाउँपालिका कार्यालय सिरहा**

# जनप्रतिनिधि र कर्मचारीको अन्तरसम्बन्ध

## पालिका बहस

**सोमलाल सुवेदी**

स्थानीय तह जनताको नजिकको देखिने, सुनिने र छिट्टै अनुभूत गरिने सरकार हो । ग्रामीण तथा सहरी दुवै क्षेत्रमा जनतासँग प्रत्यक्ष सरोकार र सम्बन्धित हुने यो सरकारको योग्यता, क्षमता, क्रियाशीलता, इमान र विश्वसनीयता शासन प्रणालीमा सर्वाधिक महत्वका पक्ष हुन् । माथिल्लो तहका सरकारहरू कतिपय विषयमा जनतामा पुग्ने माध्यम यिनै सरकार हुन्छन् । तसर्थ प्रभावकारी स्थानीय सरकार प्रावकारी सेवा प्रवाहका पर्याय हुन् भन्नुमा अतिशयोक्ति नहोला ।

**संघीयताको सन्दर्भ**

नेपालको संघीय शासन प्रणाली आफ्नो चार वर्ष पूरा गर्ने तरखरमा छ । बहुतहको शासन प्रणाली र धेरै निर्णयकर्ता हुने संघीय शासन प्रणाली नेपालको लागि नयाँ व्यवस्था हो । यो प्रणाली आएपछि सबै अपेक्षा पूरा हुने, समस्या समाधान हुने र उन्नति-प्रगति हुने अचुक साधनका रूपमा विगत १२ वर्षदेखि यसलाई भजाउँदै आइएको छ । एकल, साझा र अवशिष्ट अधिकार प्रयोग सम्बन्धित तहले गरिरहँदा संघीयतालाई सहज हुनुपर्ने हो । तापनि कमीकमजोरी बग्रेल्ती सुन्नमा आएका छन् ।

यस लेखनको अभिप्राय यो नभई शासन प्रणालीको ढाँचा परिवर्तन भएपछि तदअनुरूप व्यवहार परिवर्तन हुनुपर्छ र तहगत एवं सम्बद्ध पक्षबीच सुमधुर अन्तरसम्बन्ध हुनुपर्छ भन्ने अपेक्षाको सेरोफेरोमा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीबीचको अन्तरसम्बन्धमा केन्द्रित हुनेछ ।

**स्थानीय तह**

नेपालमा स्थानीय तहको अनुभव आधा शताब्दीभन्दा बढीको छ । कानुनी, प्रत्यायोजित र केन्द्रनिर्देशित विकेन्द्रीकरणको छरिएको अभ्यासलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा एकीकृत गरी कार्यान्वयन प्रयास गरिएको थियो । अहिले स्थानीय सरकारसमक्ष जनताका आफ्ना माग र सरोकार सहजै राख्न सक्छन् । सचेत र जिम्मेवार सेवाग्राहीको कमी छैन । निर्वाचित जनप्रतिनिधिले मौजुदा सामाजिक पुँजीको उपयोग गर्न सके छिटो नतिजा हासिल गर्नुका साथै संस्थागत सुसंस्कार र स्थानीय सुशासन कायम गर्नमा टेवा पुग्न सक्छ ।


नेपालको संविधानले मार्गनिर्देश गरेको सहकार्य, सहअस्तित्व र समन्वयकारी भूमिका तीनै तहका सरकारले निर्वाह गरी स्थानीय तहबाट दिने भनेका संवैधानिक सेवा, अधिकार प्रचलन र विकास दिलाउन सकारात्मक र सक्रिय सहयोग गर्नु-गराउनु माथिल्लो तहका सरकारको कर्तव्य हो । तर, राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीचको अन्तरसम्बन्धलाई संघीयताको मर्मअनुरूप व्यवहारमा ल्याउन बाँकी नै रहेको विज्ञ तथा स्थानीय तहका निर्वाचित पदाधिकारीहरू बताउँछन् । स्थानीय तहले नीति, योजना, कार्यक्रम र बजेट तर्जुमा गर्ने अभ्यास गरिरहेका छन् । तर, जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीको अन्तरसम्बन्ध सुदृढ हुन सकेको पाइँदैन ।

जनशक्तिको आवश्यकता, माग र आपूर्तिबीच तालमेल नमिल्नु र केन्द्रबाट गए कर्मचारीको केन्द्रीकृत सोच, अनुभव एव स्थानीय तहका जनप्रतिनिधिको स्थानीयताको ज्यादा गुरूत्वबीच सामञ्जस्य कायम हुन नसक्दा कार्यसम्पादन र सेवा प्रवाहमा समस्या र अस्पष्टता देखिएका छन् । जनप्रतिनिधि र कर्मचारीको अन्तरसम्बन्ध अन्तरसम्बन्धको सेतु विचार र व्यवहार हो । स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीबीच दुइवटा अतिवादी सोच मडारिएको अनुभूत गर्न सकिन्छ, पहिलो- जनप्रतिनिधिमा स्थानीयताको प्रचुर सोच, दबाब, लोकप्रियताको जीजीविषा र अवसरको शीघ्र उपयोग र दोस्रो- कर्मचारीको केन्द्रीयताको सोच, अनुभव र तजविजी अधिकार प्रयोगको बानीलाई स्थानीय उच्च महत्वाकांक्षामा मिलान गरी व्यवहारमा रूपान्तर र शीघ्र नतिजा ल्याउनमा प्रतिबद्धता र क्षमताको कमी । यी दुई फरक सोच र व्यवहारलाई मनन गरी दुवै पक्षले यथार्थ बुझी समन्वय र अन्तरसम्बन्ध सबल बनाई उच्च प्रतिफलयुक्त कार्य-संस्कृतिको विकास गर्नु समयको माग हो ।

स्थानीय तहलाई यथेष्ट अधिकार दिएकाले वित्तीय स्रोतमा पनि विगतको तुलनामा व्यापक वृद्धि हुन गएको छ । राजस्व पनि बढी उठाइएको चर्चा छ । तर सेवा-प्रवाहमा सुधारको खासै उल्लेख हुने गरेको पाइँदैन । यसले स्थानीय तहको नेतृत्वमा कुशलता, इमानदारी र जवाफदेही माग गर्छ । नेतृत्वको आधारभूत गुणमध्ये महत्वपूर्ण गुण सिकाइ वा सिक्ने प्रवृत्ति हो । तसर्थ हाम्रा जनप्रतिनिधिका सीप जान्नु र क्षमता बढाउनु उपयोगी हुनेछ । राजनीतिज्ञका तीनवटा आधारभूत योग्यता चाहिन्छ । १. कानुनको शासनप्रति लगाव २. कार्यालय सञ्चालनका लागि आवश्यक क्षमता र ३. न्याय । हाम्रो राजनीतिक र प्रशासनिक संस्कारले यी तीन पक्षमा विशेष ध्यान दिनु संघीयतालाई टेवा पुऱ्याउनु हुनेछ ।

जनप्रतिनिधिले धर्म नछाड्ने र राष्ट्रसेवकहरूले धर्म र कर्म दुवै नछाड्ने संस्कार विकास गर्न सकेमा संविधानको मर्म, संघीयताको अपेक्षा र जनताका चाहनाअनुरूप स्थानीय तह व्यवस्थापन र सञ्चालन हुनेछन् ।

स्थानीय तहमा त्यही कार्यरत कर्मचारी र निजामती सेवाबाट



समायोजन भएका कर्मचारी छन् । सर्वप्रथमतः यी दुईथरी कर्मचारीमा एकीकरण, समान सोच, समाञ्जस्य र समन्वय हुन जरूरी छ । यसैगरी केन्द्रबाट गएका कर्मचारीले केन्द्रको विगत बिर्सेर आफूलाई स्थानीयकरण गर्न सक्नुपर्छ । कर्मचारीलाई कार्य सम्पादनमा सघाउ पुग्ने अनुकूल वातावरण मिलाउने दायित्व र कर्तव्य राजनीतिक नेतृत्वको हो । स्थानीय नेतृत्वले निजामती सेवाबाट आएका स्थानीय तहका नागरपालिका र गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरू एकअर्काका सहयोगी हुन् प्रतिस्पर्धी होइनन् ।

मूलतः निर्वाचित जनप्रतिनिधिले जनताबाट प्राप्त मत तथा अधिकार संविधान र कानुनबमोजिम प्रयोग गर्नुपर्छ । आफू आफ्नो मान्छे, आफ्नो दल मात्र होइन कि आफूले प्रतिनिधित्व गरि जिम्मा पाएको संगठन/संस्थाको समग्र जिम्मेवारीप्रति व्यावसायिक दक्षता, इमानदार र जवाफदेही ढंगबाट कार्य सम्पादन गर्ने-गराउने दायित्व निर्वाचित जनप्रतिनिधिको हो । भनिन्छ- कर्मचारीको शक्ति भनेको विज्ञता हो । आफूसँग भएको विज्ञता र बढाउन सकिने विज्ञताको आफू कार्यरत निकायको उद्देश्य प्राप्तिमा पूरा उपयोग गर्नु कर्मचारीको धर्म हो । राजनीतिज्ञ र राष्ट्रसेवकहरूको समन्वयात्मक सहयोगी र परम्परा विश्वासको कार्य-संस्कृति नै स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको सफलताको आधार हो ।

स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको अन्योन्याश्रित सम्बन्ध हुन्छ । जनतासँग प्रत्यक्ष सम्पर्क हुने भएकाले कार्य क्षेत्रमा काम गर्दा तत्कालै निर्णय निरूपण तथा कार्य सम्पादन गर्नुपर्छ । यसै सिलसिलामा यी दुईबीचको अन्तरसम्बन्धका मुख्य विषय क्षेत्र यस प्रकार उल्लखे गर्न सकिन्छः

- सुशासन सेवा प्रवाह र विकासमा जिम्मेवारीअनुसार भूमिका निर्वाह गरी एउटै उद्देश्य प्रप्तिमा काम गर्नुपर्ने । आपसमा निर्भर सम्बन्ध अर्थात् एउटै सिक्काका दुई पाटा हुन्, जसको छुट्टाछुट्टै र साझा स्वरूप हुन्छ । जनप्रतिनिधिको नेतृत्वमा राष्ट्रसेवक कर्मचारीको प्राविधिक सीपको प्रयोग हुन्छ ।
- संविधान, कानुन र स्थानीय आवश्यकताअनुसार नीति र कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्ने । नियम, कानुन, नीति र मापदण्ड पालनामा उत्तिकै ध्यान दिनु आवश्यक हुन्छ । दबाब र प्रभावभन्दा शुद्धता र तटस्थतामा ध्यान पुऱ्याए पद्धति विकसित हुन टेवा पुग्छ ।
- साझा जिम्मेवारी भएकाले अपजसको दोषादोष र सफलताको खोसाखोस गर्न मिल्दैन । जवाफदेही संयुक्त वा छुट्टाछुट्टै हुन्छ । जनसेवा सरोकारवालाको सुनुवाइ र सुशासन साझा कर्तव्य हुन् ।

स्थानीय तहको व्यवहारबाट समग्र प्रशासकीय प्रणालीको मूल्यांकन गर्न सकिन्छ । जनमुखी, प्रतिबद्धसमक्ष सक्रिय र निष्पक्ष स्थानीय सरकारले लोकतन्त्रको जगेर्ना गर्दै सोको अनुभूति दिलाउन सक्छन् । यसका लागि स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीबीच सुमधुर अन्तरसम्बन्ध हुन आवश्यक छ । जनप्रतिनिधि राष्ट्रसेवक कर्मचारी र सेवाग्राहीको समन्वय एवं साझेदारीमा स्थानीय सरकार सफल हुन सक्छन् । एउटाले अर्काको कार्यक्षत्रेको सीमा अन्तरसम्बन्ध र सहकार्य बुझेर कार्य सम्पादन गर्न-गराउन पद्धति विकसित गर्नु जरूरी छ । दुवै पक्षले जनताका लागि काम गर्ने हो ।

सार्वजनिक काम गर्दा-गराउँदा सामूहिकताको भावना अपरिहार्य हुन्छ । यसमा कोही ठूलो, सानो र आफ्नो पराइ हुँदैन । सबैभन्दा मुख्य काम हो । सामूहिक जिम्मेवारी तोकिएर सँगै काम गर्दा कोही-कसैको प्रतिस्पर्धी हुँदैन, सहयोगी र सहकर्मी हुन्छ । कार्यसम्पादन र नतिजा प्राप्तमा प्रतिस्पर्धा भई जनतालाई अधिकाधिक सेवा दिनु साझा अभीष्ट हो । यसैले आलोचनात्मक चेत, इमान, योग्यता, क्षमता, सक्रियता र समन्वयबाट कार्यसम्पादन गर्न-गराउन जनप्रतिनिधि र कर्मचारी निरन्तर क्रियाशील हुनुपर्छ । अन्तरसम्बन्ध सुमधुर बनाई जनप्रतिनिधिले धर्म नछाड्ने र राष्ट्रसेवकहरूले धर्म र कर्म दुवै नछाड्ने संस्कार विकास गर्न सकेमा संविधानको मर्म, संघीयताको अपेक्षा र जनताका चाहनाअनुरूप स्थानीय तह व्यवस्थापन र सञ्चालन हुनेछन् ।


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा**



## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**औरही गाउँपालिका कार्यालय, सिरहा**


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)